# पथरीशनिश्चरे नगरपालिका कार्यालय ,मोरङ

## सामाजिक सुरक्षा भत्ताको लागि बैंक खाता खोल्ने सम्वन्धी सूचना

यस नगरपालिकाद्धारा सामाजिक सुरक्षा भत्ता खाईपाई आएका लाभग्राहीहरुको यस चालु आ.व.२०७३।०७४ को प्रथम चौमासिक देखि बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्नु पर्ने भएकोले सम्पूर्ण लाभग्राहीहरुलाई निम्नानुसारको कार्यतालिका बमोजिम सम्वन्धित बैंकमा सम्पर्क राख्न हुन जानकारी गराइन्छ । साथै सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७२ को २२ ग अनुसार वालवालिकाको हकमा अविभावकको नाममा र पूर्ण अपांगको हकमा लाभग्राही र संरक्षकको संयुक्त नाममा खाता खोली कुनै एकको दस्तखतवाट खाता संचालन हुने व्यहोरा जानकारी गराइन्छ ।

**कार्यतालिका**

| सि.न. | बैंकको नाम | वडा नं. | संलग्न कागजातहरु | कैफियत |
|---|---|---|---|---|
| १ | एन.एम.वि.,पथरी शाखा | १,३,७,१० र १४ | भत्ता खाइपाइ आएको कार्ड,नागरिकता,पासपोर्ट साइजको २ प्रति फोटो | मिति २०७३ भाद्र ५ गतेदेखि बैंकमा खाता खोलिनेछ । |
| २ | कन्काई विकास बैंक, पथरी शाखा | २,८,९ र १५ | | |
| ३ | ज्योति विकास बैंक ,पथरी शाखा | ४,५,६,११,१२ र१३ | | |

नोटः साथै पूर्ण अपांग,आंशिक अपांग,एकल,विधवा तथा दलित वालवालिकाहरु र उमेर पुगेका जेष्ठ नागरिकहरुले नयां नाम दर्ताको लागि नागरिकता,जन्म दर्तासाथ नगरपालिकामा निवेदन दिनहुन समेत जानकारी गराइन्छ ।

पथरीशनिश्चरे नगरपालिका कार्यालय ,मोरङ